बैठक संख्या -

समयः- विहानको ११.००बजे

आज मिति २०८२ साल साउन महिनाको ०९ गते शुक्रवारको दिन हुप्सेकोट गाउँ कार्यपालिकाको कार्यालयमा यस गाउँपालिका अध्यक्ष श्री लक्ष्मीदेवी पाण्डेज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी निम्नानुसारको उपस्थितीमा छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

उपस्थिती

| हस्ताक्षर | नाम थर | पद |
|---|---|---|
| | श्री लक्ष्मी देवी पाण्डे | गाउँपालिका अध्यक्ष |
| | श्री पूर्ण सिं राना मगर | गाउँपालिका उपाध्यक्ष |
| | श्री रेवती सारु (मगर) | कार्यपालिका सदस्य एवं गाउँपालिका प्रवक्ता |
| | श्री प्रेम बहादुर घर्ती | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं १ |
| | श्री कृष्ण बहादुर थापा | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं २ |
| | श्री विष्णु राना (मगर) | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ३ |
| | श्री महेन्द्र पाण्डेय | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ४ |
| | श्री पदम बहादुर राना मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ५ |
| | श्री छम बहादुर सोमै मगर | कार्यपालिका सदस्य एवं वडा अध्यक्ष, वडा नं ६ |
| | श्री उर्मिला महतो | कार्यपालिका सदस्य |
| | श्री तुलीसरा सोमै मगर | कार्यपालिका सदस्य |
| | श्री बिनीसरा ढेंगा मगर | कार्यपालिका सदस्य |
| | श्री मोतीलाल कुमाल | कार्यपालिका सदस्य |
| | श्री केमान सिंह | कार्यपालिका सदस्य |
| | श्री हरि प्रसाद पराजुली | सदस्य – सचिव |
| | आमन्त्रित उपस्थिती | |
| | श्री रवि काफ्ले | प्रशासकीय अधिकृत |
| | श्री रविन्द्र सापकोटा | प्रशासकीय अधिकृत |
| | श्री कृष्ण तामाङ | सूचना प्रविधि अधिकृत |

श्री प्रकाश खत्री, रोजगार सहायक

श्री विष्णुहार ढुंगाना (ओभरसियर)

हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०४।०९ गते बसेको बैठकका निर्णय

**निर्णय नं. १ – वार्षिक कार्ययोजना निर्माण सम्बन्धमा।**

प्रस्ताव नं. १ का सम्बन्धमा आर्थिक वर्ष २०८२।०८३ मा यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शाखा तथा ईकाइबाट वार्षिक कार्ययोजना तयार गरी आगामी गाउँ कार्यपालिकाको बैठकमा प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २ – वार्षिक समीक्षा सम्बन्धमा।**

प्रस्ताव नं. २ का सम्बन्धमा आर्थिक वर्ष २०८१।०८२ मा चालू तर्फ ८८.७१% र पूजिँगत तर्फ ७२.५६% गरी औषतमा ८३.४५% प्रगति भएकोले उल्लेखित नतिजा प्राप्तीमा सहयोग गर्नुहुने सरोकारवाला सम्पूर्णमा धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो। साथै आ.व. २०८१।०८२ को विषयगत प्रगति समीक्षा मिति २०८२।०४।१७ गते यस गाउँपालिकाको सभाहलमा सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ – करार सेवामा ~~तथा ज्यालादारीमा~~ कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा।**

प्रस्ताव नं. ३ का सम्बन्धमा यस गाउँपालिकामा करार सेवामा ~~तथा ज्यालादारीमा~~ कार्यरत कर्मचारीहरुको म्याद मिति २०८२ साल पौष मसान्तसम्म थप गर्ने र कामकाजमा लगाउने निर्णय गरियो।

**निर्णय नं. ४ – स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) सम्बन्धमा।**

प्रस्ताव नं. ४ का सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आर्थिक वर्ष २०८२।०८३ देखि कार्यान्वयन हुने गरी सार्वजनिक गरिएको स्थानीय शासन कार्यसम्पादन

मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को विषयमा सम्पूर्ण जनप्रतिनिधि तथा कर्मचारीहरुलाई जानकारी गराई सोको पूर्ण कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ – बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धमा।**

यस गाउँपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि वडास्तरमा गठन भएका वडा समितिको कार्य प्रभावकारीता अभिवृद्धि गर्ने र हालसम्मको प्रगतिको समीक्षा गरियो। साथै समुदायस्तरमा बाल बचाउ, बाल संरक्षण, बाल सहभागिता र बाल विकाससँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ – जिन्सी निरीक्षण सम्बन्धमा।**

प्रस्ताव नं. ६ का सम्बन्धमा मौजुदा स्रोतको महत्तम परिचालन गरी पारदर्शिता मार्फत आर्थिक सुशासन कायम गर्न समयमै जिन्सी निरीक्षणको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै मौजुदा जिन्सी सामग्रीको संकेत प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ७ - आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वयन सम्बन्धमा।**

प्रस्ताव नं. ७ का सम्बन्धमा कार्यसम्पादनको प्रभावकारीता र विश्वसनीयता अभिवृद्धि गर्न तयार भएको आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वयन गर्न सम्पूर्ण जनप्रतिनिधिहरु सक्रिय रुपमा लाग्ने र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ८ – संघ तथा प्रदेश सरकारबाट सञ्चालन हुने योजना/कार्यक्रमको समन्वय सम्बन्धमा।**

प्रस्ताव नं. ८ का सम्बन्धमा आर्थिक वर्ष २०८२।०८३ मा संघ तथा प्रदेशबाट यस गाउँपालिकामा सञ्चालन हुने योजना/कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र दोहोरोपना हुनबाट रोक्न तपसिल बमोजिमको सहजीकरण समिति गठन गर्ने निर्णय गरियो।

हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०४।०९ गते बसेको बैठकको निर्णय

**तपसिल**

पूर्ण सिं राना मगर -संयोजक

सम्बन्धित वडाध्यक्ष - सदस्य

रेवती सारु – सदस्य

तुलिसरा सोमै – सदस्य

हरि अधिकारी- सदस्य

रविन्द्र सापकोटा -सदस्य सचिव

**निर्णय नं. ९ – सार्वजनिक सुनुवाई सम्बन्धमा।**

प्रस्ताव नं. ९ का सम्बन्धमा शासन, विकास र सेवा प्रवाहको सम्बन्धमा आर्थिक वर्ष २०८१।०८२ मा यस गाउँपालिकाबाट भए/गरेका कार्यहरुको प्रगति प्रस्तुत गरी जानकारी दिन साथै सरोकारवालाको गुनासो सुन्न र सम्बोधन गर्न तेस्रो पक्षबाट मिति २०८२।०४।३० गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्ने र उक्त सुनुवाई कार्यक्रमको संयोजन नेपाल पत्रकार महासंघ, नवलपुर शाखाबाट गर्ने र सो कार्य वापत रु १,५०,०००।– अक्षरुपी एक लाख पचास हजार उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १० – उपभोक्ता समिति गठन तथा अभिमूखीकरण सम्बन्धमा।**

प्रस्ताव नं. १० का चालू आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी दिगो पूर्वाधार निर्माणको लागि मिति २०८२।०५।१५ गतेभित्र उपभोक्ता समिति गठन गर्ने र सोको १० (दश) दिन भित्र उपभोक्ता समितिलाई अभिमूखीकरण गर्ने निर्णय गरियो।

**निर्णय नं. ११ – वडामा प्राविधिकको जिम्मेवारीको जानकारी सम्बन्धमा।**

हुप्सेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।०४।०९ गते बसेको बैठकको निर्णय

## निर्णय नं. १८ – नवप्रवर्तन कृषि उपज संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।

हुप्सेकोट गाउँपालिका वडा नं. १ को कार्यालय परिसरमा निर्माण भएको नवप्रवर्तन कृषि उपज संकलन केन्द्र हुप्सेकोट स्तरीय कृषि उपज संकलन तथा बजार व्यवस्थापन सञ्जाल समितिद्वारा सञ्चालन ल्याउन कार्यक्रमको कुल रकम रु. ९,३५,०००।– अक्षरुपी नौ लाख पैतिस हजार मध्ये यस गाउँपालिकाबाट रु. ३,००,०००।– लाख व्यहोर्ने र बाँकी रकम ६,३५,०००।- कारितास नेपालबाट, गैडाकोट नगरपालिका-२, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) व्यहोर्ने गरी लागत साझेदारी गर्ने निर्णय गरियो ।

## निर्णय नं. १९ – करार सेवामा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा ।

नेपाल सरकार राजपत्रको मिति २०८२/०१/०१ गते प्रकाशित सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सम्बन्धी सूचना र यस गाउँपालिकाको आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित करार कर्मचारी सामाजिक सुरक्षा शिर्षकमा बजेट विनियोजन गरिएकोमा यस गाउँपालिकामा कार्यरत तपसिलका कर्मचारीहरुलाई २०८२ साल श्रावण महिना देखि लागु हुनेगरी सामाजिक सुरक्षा योजनामा आवद्ध गर्ने र यस जिल्लाका अन्य छिमेकी पालिकाहरुको अभ्यास समेतलाई आधार मानि मासिक खाईपाई आएको तलबको ६० प्रतिशत लाई आधारभुत तलब मानी सोको २० प्रतिशत रकम गाउँपालिकाबाट र ११ प्रतिशत रकम सम्बन्धित कर्मचारीहरुको तलबबाट सामाजिक सुरक्षा कोषमा जम्मा गर्ने व्यवस्था मिलाउन सामाजिक सुरक्षा कोषको केन्द्रिय कार्यालयमा लेखि पठाउने निर्णय गरियो ।

तपसिल:

| क्र.स | कर्मचारीको नाम | पद |
|---|---|---|
| १ | डा. होमराज मिधुन | मे.अ. |
| २ | विनोद अर्याल | ईन्जिनियर |
| ३ | तिर्थराज रेग्मी | रोजगार संयोजक |
| ४ | कृष्ण तामाङ | सूचना प्राविधक अधिकृत |
| ५ | गोविन्द रिजाल | न्यायिक सहजकर्ता |
| ६ | वर्षा सिग्देल | कृषि स्नातक (छैठौं) |
| ७ | डा. सुशिल पौडेल | पशु चिकित्सक, सातौं |
| ८ | हरि अधिकारी | सव ईन्जिनियर |
| ९ | प्रकाश सोति मगर | रोजगार सहायक |
| १० | चन्द्रकला खड्का | उद्यम विकास सहजकर्ता |
| ११ | फुलमाया बयम्बु | सहायक चौथो |
| १२ | सरस्वती सुवेदी | सहायक कम्प्यूटर अपरेटर |
| १३ | विन्दु थापा मगर | पोषण सहजकर्ता |
| १४ | गिता कार्की | उद्यम विकास सहजकर्ता |
| १५ | भिम प्रसाद रजाली | सहायक कम्प्यूटर अपरेटर |
| १६ | कृष्ण प्रसाद सापकोटा | नाप्रा.स्वा.प. |
| १७ | निर्मल लामिछाने | नाे.प्रा.स्वा.प.,सहायक चौथो |